सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

आदेश

०७९-WO-११५७

विषयः- उत्प्रेषणयुक्त परमादेश।

काठमाडौ जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता पदम बहादुर श्रेष्ठ .......................................................................................१ निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिकाको कार्यालय बागदरवार, काठमाडौं .......................१ प्रत्यर्थी

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं .......................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार रहेको छः-

निवेदनको तथ्यगत बेहोराः

१. म निवेदक वातावरण कानूनसंग सम्बन्धित विषयमा विगत २६ वर्ष देखि वहस पैरवी गर्दै आइरहेको छु। यस सन्दर्भमा विगत केही दिन देखि विपक्षी नं. १ को निर्णय बमोजिम काठमाडौंको सिंहदरवार भित्रको क्षेत्र, राष्ट्रपतिको कार्यालय शितल निवास, प्रधानमन्त्रीको आवास रहेको क्षेत्र भित्र फोहर संकलन नगर्ने भनी काठमाडौं महानगरपालिकाको वक्तब्य आए पश्चात उक्त क्षेत्रमा आजसम्म फोहर संकलन हुने कार्य रोकिएको छ भन्ने विषय पत्रपत्रिका, सार्वजनिक टेलिभिजनमा समाचारको रुपमा प्रसारण भई रहेको र यर्थात फोहर पनि दिनानुदिन थुप्रिदै गई रहेको अवस्था छ। उक्त क्षेत्र सार्वजनिक स्थल र विभिन्न महत्वपुर्ण कार्यालयहरु भएकोले देशभरिको सामान्य जनताहरु दिनहुँ हजारौको संख्यामा आवत जावत गर्नुको साथै उक्त स्थानमा कार्यरत कर्मचारी समेत करिव २००० हजारको संख्यामा रहेको र उक्त हाताभित्र क्यान्टीन समेत रहेकोले कुहिने र नकुहिने फोहर नियमित संकलन नहुँदा नेपालको संविधानको धारा ३० बमोजिम प्रत्येक नागरिक स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न

पाउने हक हुनेछ भन्ने संविधानमा भएको मौलिक हकको उपयोगबाट बन्चित हुने भएकोले उक्त विषय सार्वजनिक सरोकारको विषय समेत भएको हुँदा नेपालको संविधानको धारा ३०, ४६, १३३(२)(३), फोहरमैला ब्यवस्थापन ऐन, २०६८ को दफा ३, ४, वातावारण संरक्षण ऐन, २०७६ को दफा १५ बमोजिम निवेदन माग गरेको छु।

फोहरमैला ब्यवस्थापन ऐन, २०६८ को प्रस्तावनामा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ्य वातावरण कायम गर्नका लागि फोहरमैला ब्यवस्थापन अत्यन्त आवश्यक जरुरी सेवा रहेको भन्ने उल्लेख छ। ऐ. को दफा ३ मा फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ, ऐ. को दफा ४ मा फोहरमैला ब्यवस्थापन गर्ने गराउने दायित्व स्थानीय तहको हुनेछ भन्ने उल्लेख छ। यसरी नै नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने संवैधानिक मौलिक हक रहेको छ। उल्लेखित कानूनी दायित्व पूरा गर्ने, जिम्मेवारी बहन गर्ने पहिलो निकाय कानूनत स्थानीय निकाय अर्थात विपक्षी काठमाडौं महानगरपालिकाको रहेकोमा विपक्षीले उक्त सिंहदरवार भित्रको क्षेत्र, राष्ट्रपतिको कार्यालय शितल निवास, प्रधानमन्त्रीको आवास क्षेत्रको फोहर संकलन नगर्ने भनी आजसम्म फोहर संकलन नगरेको कारण कानूनले गर्नु भनी तोकेको कार्यको उल्लंघन गरी फोहर संकलन गर्न छाडेको कारण मिति २०७९।१२।२४ गते बाट आज सम्म उक्त क्षेत्र र वरिपरको वातावरण प्रदुषित हुँदै गएको छ। जसको कारण कुहिने र नकुहिने फोहर लामो समय सम्म एक ठाऊमा रहदाँ उक्त स्थान दुषित तथा दुर्गन्धित भई वरिपरिको क्षेत्रको वायुमण्डलमा मिसिन गई समग्र काठमाडौंको वातावरण नै प्रदुषित हुनेछ साथै उक्त क्षेत्रमा फोहरको कारण उत्पन्न हुने मच्छेड (लामखुटे) लगायत झिंगाको प्रकोप बढ्ने चरम सम्भावना भएकोले त्यसबाट डेंगु रोग बढ्ने, रुघाखोकीको प्रकोप हुने र कोरोना जस्तो रोग समेतको बृद्धि भई जनस्वाथ्यमा ठुलो असर पर्ने गरी महामारी समेत फैलिन सक्ने देखिन्छ।

विपक्षी काठमाडौं महानगरपालिकाको मेयरले आफ्नो विभिन्न सार्वजनिक स्टयाटस पोष्टहरुमा उक्त तीन क्षेत्रको फोहर संकलन नगर्ने भनी खुलेआम सार्वजनिक रुपमा प्रसारण भई राखेको र फोहर संकलन गर्ने कार्य समेत ठप्प पारी राखेको अवस्था छ। यो केवल राजनीतिक इगो साधी देखाई गरिएको कार्य हो भन्ने प्रष्ट देखिन्छ। तीन तहको सरकारको अधिकार कानूनले नै निर्धारण गरिएको छ जसको पालना गर्नु सबै निकायको दायित्व हो। उक्त दायित्व कुनै आधार कारण देखाई पालना गर्दिन भन्ने कार्य संविधान र कानून विपरितको कार्य हो। विपक्षीहरुको राजनीतिक विषय फरक हो भने स्वच्छ वातावरण कायम गर्ने, दैनिक फोहर संकलन

गर्ने दायित्व फरक र कानूनतः अत्यन्त जरुरी आवश्यक सेवा भित्र पर्ने विषय हो। उक्त क्षेत्रमा सम्पूर्ण मन्त्रालयहरु, विभिन्न निकाय, कार्यालयहरु रहेको र दिनमा हजारौ नागरिकहरु काम विशेषले आवत जावत गर्ने स्थान भएको एंव हजारौ नागरिकहरुको वरिपरि बसोवासको क्षेत्र रहेको साथै उक्त क्षेत्र विदेशी पाहुनाहरु आउने जाने समेत भएकोले उक्त क्षेत्रको फोहरको कारण सर्वसाधारण जनतालाई प्रत्यक्ष असर पर्नुको साथै विदेशीको नजरमा सरकार र स्थानीय तहको विवादका कारण समाधान हुन नसकेको विषय र फोहरको राजनीतिको विषयमा भएकोले यो विषय वातावरण संरक्षणको प्रतिकुल हुन जान्छ। यसप्रकार, काठमाडौं महानगरपालिकाले काठमाडौंको सिंहदरवार क्षेत्र भित्र, राष्ट्रपतिको कार्यलयको क्षेत्र भित्र, प्रधानमन्त्रीको आवास क्षेत्र भित्रको फोहरमैला संकलन नगर्ने कुनै निर्णय गरेको भए उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी पाऊँ। साथै काठमाडौं महानगरपालिकाको कार्यालय स्थानीय निकाय भएकोले नेपालको संविधानको धारा ३० मा प्रत्येक व्यक्ति स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक भएको, फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम स्वच्छ वातावरण कायम गर्नको लागि आफनो क्षेत्र भित्र फोहर संकलन गर्ने दायित्व काठमाडौं महानगरपालिकाको भएकोले कानून विपरित आजसम्म फोहर संकलन नगरेकोले उक्त क्षेत्रको वातावरण प्रदुषित भई वातावरणमा असर पर्ने भएकोले तत्काल संकलन गरी ल्याण्डफिल्ड साइडमा लानु र नियमित फोहर संकलन र विसर्जन गर्ने कार्य गर्नु गराउनु साथै विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय स्थानीय तहहरुको एक समन्वयकारी अभिभावक र कानून कार्यान्वयन गर्ने महत्वपूर्ण भूमिका हुने भएकोले काठमाडौं महानगरपालिकासँग तत्काल समन्वय गरी दिगो समाधान गर्नु गराउनु **भनी परमादेश जारी गरी पाऊँ भन्ने व्यहोराको रिट निवेदन।**

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारीहुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. २ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं. १ ले आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जबाफ पेस गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

यसमा, सिंहदरबार भित्रको क्षेत्र, राष्ट्रपतिको कार्यालय शितल निवास, प्रधानमन्त्रीको आवास रहेको क्षेत्रको फोहोर संकलन नगर्ने भनी काठमाडौं महानगरपालिकाको वक्तव्य आएपश्चात् फोहोर संकलन गर्न छाडेको कारण मिति २०७९।१२।२४ गतेबाट उल्लिखित क्षेत्र दुर्गन्धित भई वरिपरिको वातावरण र

वायुमण्डलसमेत प्रदुषित हुँदै गएको पाइयो। कुहिने र नकुहिने फोहोर लामो समयसम्म एकै ठाउँमा रहँदा जनस्वास्थ्यमा ठुलो असर पर्ने गरी महामारीको प्रकोप फैलन सक्दछ। काठमाडौं महानगरपालिकाको मेयरले सामाजिक सञ्जालमा विभिन्न पोष्टहरु गरी उल्लिखित तीन क्षेत्रको फोहोर संकलन नगर्ने भनेको भनी सार्वजनिक रुपमा विभिन्न सञ्चार माध्यमबाट प्रशारण भइराखेको र फोहोर संकलन ठप्प भएको अवस्था छ। फोहोर संकलन र विसजर्न गर्ने दायित्व काठमाडौं महानगरपालिकाको भएको हुँदा नियमित रुपमा फोहोर संकलन र विसर्जन गर्ने कार्य तत्काल गर्नू, गराउनू भनी परमादेशको आदेश लगायत विपक्षीहरुको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेको देखिन्छ। निवेदकले अन्तरिम आदेश माग गरेकोतर्फ विचार गर्दा, नेपालको संविधानको धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने संवैधानिक प्रावधान रहेको पाइन्छ। मानिसको बाँच्न पाउने हक स्वच्छ र स्वस्थ वातावरणसँग अन्योन्याश्रीत रहेको कुरा नेपालको संविधानले नै परिकल्पना गरेको देखियो। स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नगरिकको हक अमूल्य जीवनसँग पनि जोडिएको छ। नागरिकको अमूल्य जीवनसँग प्रत्यक्ष जोडिने हुँदा वातावरणको विषय अत्यन्त संवेदनशील मानिन्छ। अनुकूलतामा मात्र होइन, जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि स्वच्छ र स्वस्थ वातावरण कायम गर्न राज्य, सरकार, संविधान कानूनबमोजिमका स्थापित सम्पूर्ण निकाय, संस्था र सरोकारवालाहरु लगायत नागरिकहरुको समेत सामूहिक र अथक प्रयत्न हुनै पर्दछ। स्वच्छ र स्वस्थ वातावरण सबैको लागि हो, आफ्नो लागि पनि हो, सभ्य र संस्कारीहरुले गर्व गर्ने सभ्यताको संकेत पनि हो, पर्यटनको त आधारस्तम्भ हुँदै हो। स्वच्छ र स्वस्थ वातावरण कायम गर्न असफल भई वातावरण प्रदुषित हुन पुग्दा सबैलाई आक्रान्त पार्न सक्ने, महामारी फैलन सक्ने यस्तो गम्भीर र संवेदनशील जनस्वास्थ्यको विषयमा कानूनले शासित मुलुकमा राज्य सरकार, जिम्मेवार निकाय कानूनले निर्दिष्ट गरेको भुमिकामा चुक्नु हुँदैन र उदासिन हुन पनि पाउँदैन। तीन चार दिन अगाडिको मात्र सन्दर्भ हो, वायु गुणस्तर सूचकाङ्क ५० सम्मको Air Quality Index (AQI) लाई सन्तोषजनक मानिने, सोभन्दा माथिको हानिकारक हुने र १५० देखि माथिकोलाई अस्वस्थकर मानिनेमा काठमाडौंको वायु गुणस्तर सूचकाङ्क Air Quality Index (AQI) १८९ सम्म पुगेको र काठमाडौं संसारकै प्रदुषित सहरमा एक नम्बरमा परेको भन्ने सार्वजनिक रुपमा सम्प्रेषित समाचारले हामी सबै लज्जित हुनु परेको छ। त्यसमाथि काम विशेषले हजारौं सेवाग्राही र नागरिक दिनहुँ पुग्ने सिंहदरबार क्षेत्र लगायतका ठाउँहरुको फोहोर नउठाएको र विसर्जन नगरेको क्रियाकलाप एवं गतिविधिले वातावरण दिनानुदिन प्रदुषित भइरहेको र प्रदुषित वातावरणले आम जनमानसलाई प्रत्यक्ष असर परिरहेको

देखिँदा अब कत्ति पनि ढिलाई नगरी उल्लिखित क्षेत्रमा जम्मा हुन पुगेको फोहोर अविलम्ब संकलन गरी उठाइ विसर्जन गर्नुपर्ने देखियो।

फोहोर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ३(१), ३(२) र दफा ४ फोहोरमैलाको प्रबन्ध गर्ने, संकलन गर्ने, अन्तिम विसर्जन गर्ने, व्यवस्थापन गर्ने गराउने दायित्व स्थानीय तहको हुनेछ भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको देखिन्छ। यसैगरी नेपालको संविधानको धारा २१४ (१), धारा २१४ (२) र अनुसूची ८ मा भएको संवैधानिक प्रावधानलाई समग्रमा अध्ययन गर्दा सरसफाइ गर्नुपर्ने अधिकार स्थानीय तहलाई सुम्पेको देखिन्छ। उल्लिखित संवैधानिक र कानूनी व्यवस्था अनुसार निवेदकले उल्लेख गरेको क्षेत्रको फोहरहरु संकलन गरी उठाई विसर्जन गर्नुपर्ने दायित्व स्थानीय तहलाई सुम्पेको देखिँदा स्थानीय तहको हैसियतमा सो दायित्व काठमाडौं महानगरपालिकाको देखिन आयो। तसर्थ, रिट निवेदकले उल्लेख गरेको स्थानको फोहोरहरु यो आदेश प्राप्त भएको मितिले ३ दिनभित्र संकलन गरी उठाई विसर्जनसमेत अविलम्ब गर्नू, गराउनू भनी काठमाडौं महानगरपालिकाको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। साथै, निवेदकले उल्लेख गरेको स्थान तथा काठमाडौंको फोहरमैला विसर्जन गरिने स्थान वा ल्याण्डफिल्ड साइट अरु स्थानीय तह अन्तर्गतको स्थानमा पर्न जाँदा त्यहाँको बासिन्दा, स्थानीय तह, सरोकारवाला र काठमाडौं महानगरपालिकासँग समेत आवश्यक समन्वय, उचित सहकार्य र सार्थक सहयोग पुऱ्याई स्वच्छ वातावरण कायम गर्नुपर्नेतर्फ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेतको गम्भीर ध्यानाकर्षण गराइएको छ भन्ने **व्यहोराको यस अदालतको मिति २०८०।१।८ को आदेश।**

३. निवेदन पत्रमा उल्लेख भए जस्तो फोहोरमैला संकलन नगर्ने सम्बन्धमा का.म.पा बाट कुनै निर्णय नभएको हुँदा रिट निवेदकको माग दावी प्रथम दृष्टिबाटै औचित्यहिन देखिन्छ। संविधानको धारा ३० द्वारा प्रत्याभूत गरिएको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रचलन गर्ने, गराउने सम्बन्धमा का.म.पा. क्रियाशील छ। संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम का.म.पा. ले आफ्नो कार्यक्षेत्र अन्तर्गतको सरसफाइ, फोहरमैला संकलन र व्यवस्थापन सम्बन्धी काम गर्दै आएको छ। का.म.पा. को नगर सभाबाट पारित आ.ब. २०७९/०८० को बुँदा नं. ६६ देखि ७६ सम्म फोहर व्यवस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीति उल्लेख गरिएको छ। सोहि नीति समेतलाई आधार मानी का.म.पा. आफ्नो संवैधानिक तथा कानूनी दायित्व पूरा गर्न प्रतिबद्ध छ। का.म.पा. बाट आम नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रचलनमा बाधा पुग्ने कुनै कार्य

नभएको, बरु त्यसको प्रचलनको लागि समय सापेक्ष रुपमा थप प्रभावकारी रणनीति सहितका वैधानिक उपायहरु अवलम्बन गरिएको अवस्था छ। का.म.पा. भित्रका केहि निश्चित स्थानहरुको फोहरमैला संकलन र व्यवस्थापन नभएको भनी रिट निवेदकले आफ्नो निवेदनपत्रमा व्यक्त गर्नु भएको सरोकारको बस्तुगत आधार विद्यमान छैन। तसर्थ, रिट निवेदन खारेजभागी छ **भन्ने व्यहोराको काठमाडौं महानगरपालिकाको तर्फबाट पेश भएको लिखित जवाफ।**

४. नेपालको संविधानको धारा ३० मा उल्लिखित प्रत्येक व्यक्ति स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकसहित नागरिकका अधिकार संरक्षण गर्न निर्माण भएका कानूनहरूको कार्यान्वयन, संरक्षण तथा सम्वर्द्धन गर्ने कार्यमा नेपाल सरकार सदैव प्रतिवद्ध रहेको छ। सोही बमोजिम फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कानून फोहरमैला व्यवस्थापन ऐन, २०६८ जारी भई लागू भएको र सोही बमोजिम साधिकार निकायबाट फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धी कार्य हुँदै आएका छन् र यसको दायित्व पनि स्थानीय तहकै भएको देखिन्छ। विपक्षीले निवेदनमा उल्लेख गर्नुभएको विषय सिंहदरवार क्षेत्र, राष्ट्रपतिको कार्यालय र प्रधानमन्त्रीको सरकारी निवास- काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेको हुँदा उक्त ठाउँ र क्षेत्रभित्रका फोहरको व्यवस्थापन गर्ने कानूनी कर्तव्य र दायित्व काठमाडौं महानगरपालिकाको भएको कुरामा कुनै द्विविधा भएको देखिँदैन।

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ को उपदफा (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) मा फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाइको सिलसिलामा जम्मा भएको फोहरमैलाको प्रबन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने जिम्मेवारी स्थानीय तहको हुने व्यवस्था रहेको छ। नेपाल सरकारका विभिन्न निकायले फोहरमैलाको दिगो समाधान सम्बन्धमा स्थानीय तहसँग समन्वय गरी राखेको अवस्था छ। तत् सम्बन्धमा काठमाडौं महानगरपालिकासँग तत्काल समन्वय गरी समस्याको दिगो समाधान गर्नेतर्फ मिति २०८०।०१।२९ मा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा यस कार्यालय तथा अन्य सरोकारवाला निकायका

पदाधिकारीहरू उपस्थित भएको बैठकले नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८।११।२६ मा माननीय शहरी विकास मन्त्रीको संयोजकत्वमा गठित उच्चस्तरीय समिति र Rapid Action Task Force ले बञ्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइटमा काठमाडौं : उपत्यकाको फोहरमैला विसर्जन गर्ने क्रममा उक्त क्षेत्रका स्थानीयले भोग्नुपरेको मानव एवं पशु स्वास्थ्यजन्य, पर्यावरणीय लगायतका समस्याको दीगो समाधान र फोहरमैला स्रोतमै जैविक र अजैविक वर्गीकरण गरी प्रविधिको प्रयोग गर्दै वैज्ञानिक तवरले व्यवस्थापनको लागि तीनै तहका सरकारबीच समन्वय गरी अल्पकालीन र दीर्घकालीन योजनासहितको कार्ययोजना तयार गर्ने, काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन सन्दर्भमा बञ्चरेडाँडाको जग्गाको सीमाङ्कन, अधिकरण, मुआब्जा, प्रयोग, लिच्चड व्यवस्थापन लगायतका विषयमा विगतमा भएका प्रतिवद्धता र सम्झौताहरू सम्बद्ध निकायले शीघ्र कार्यान्वयनमा लैजाने र सो सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८।११।२६ मा माननीय शहरी विकास मन्त्रीको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले आवश्यक सहजीकरण, समन्वय र अनुगमन गर्ने, शहरी विकास मन्त्रालयले तीन पिप्लेदेखि वञ्चरेडाँडासम्मको बाटो र वञ्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइटको निर्माण कार्य शीघ्र सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने र सो को व्यवस्थापनको क्रममा भएको स्थानीय शान्ति सुरक्षासम्बन्धमा जारी गरिएका वारेण्ट लगायतका कानूनी कारबाहीमा गृह मन्त्रालयले आवश्यक सहजीकरण गर्ने निर्णय भएको छ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण सम्बन्धी विषय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शहरी विकास र आवास विकास सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन शहरी विकास मन्त्रालयले गर्ने गरी कार्यक्षेत्र तोकिएको हुँदा तत् तत् मन्त्रालयबाट यस सम्बन्धी समन्वय र सहजीकरण समेत हुँदै आएको अवस्था पनि हो। संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहको आआफ्नो कार्यक्षेत्र र अधिकार कानूनद्वारा निर्धारण तथा निश्चित गरिएको अवस्थाले त्यसको पालना गर्नु सबै निकायको दायित्व तथा कर्तव्य समेत हुने भएकोले फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य वा अन्य कुनै विषयका सम्बन्धमा स्थानीय तहबाट नेपाल सरकार समक्ष नीतिगत वा अन्य कुनै विषयमा सहयोग वा समन्वय माग भई आएका बखत नेपाल सरकार तथा यस कार्यालयबाट पूर्ण सहयोग तथा समन्वय गर्ने कार्य हुँदै आएको र आगामी दिनमा समेत हुने नै हुँदा यस कार्यालयसँग सम्बन्धित रिट निवेदनको औचित्य देखिँदैन भन्ने **व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेश भएको लिखित जवाफ।**

## यस अदालतको आदेश

५. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश भएको प्रस्तुत निवेदन पत्रसहितको मिसिल संलग्न कागजात अध्ययन गरियो।

६. रिट निवेदकको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री पदम बहादुर श्रेष्ठ र विद्वान अधिवक्ता श्री राजु फुयालले प्रस्तुत विषय काठमाडौंको सिंहदरबार, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको आवास जस्ता संवेदनशील एवं सार्वजनिक स्थलहरूमा फोहोर संकलन रोकिएसँगै उत्पन्न जनस्वास्थ्य संकट र वातावरण प्रदूषणसँग जोडिएकाले प्रस्तुत रिट निवेदन सार्वजनिक सरोकारको गम्भीर विषय भएको देखिन्छ। नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूति गरेको, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ तथा संविधानको अनुसूची ८ ले फोहोरमैला संकलन, उठान र अन्तिम विसर्जन गर्ने कानूनी दायित्व स्थानीय तह (काठमाडौं महानगरपालिका) लाई स्पष्ट रूपमा सुम्पेको देखिन्छ। कुनै पनि राजनीतिक वा पदीय असमझदारीको कारण देखाई कानूनले तोकेको अनिवार्य संवैधानिक र कानूनी कर्तव्यबाट विमुख भई राजधानीको मुख्य प्रशासनिक केन्द्रकै फोहोर नउठाउनु गैरकानूनी, स्वेच्छाचारी र नागरिकको बाँच्न पाउने मौलिक हकमाथिको प्रत्यक्ष आघात हो। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत स्थानीय तहहरूको अभिभावक एवं कानून कार्यान्वयन गराउने प्रमुख निकाय भएकाले फोहोरमैलाको दिगो विसर्जनमा समन्वय र सहजीकरण नगरी मौन बस्न मिल्दैन। तसर्थ, स्वच्छ वातावरण कायम गर्ने गराउने कानूनी कर्तव्य पालना नगर्ने विपक्षी महानगरपालिकाको कार्य कानूनविपरीत भएकाले सो क्षेत्रको फोहोर तत्काल एवं नियमित संकलन गरी ल्याण्डफिल्ड साइटसम्म पुऱ्याउनु भनी विपक्षी महानगरपालिकाका नाममा तथा आवश्यक समन्वय र दिगो समाधानको व्यवस्था मिलाउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा मागबमोजिमको परमादेश लगाएतको उपयुक्त आदेश जारी हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

७. विपक्षी काठमाण्डौ महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री कमल प्रसाद इटनी र श्री भावना सिलवालले नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १८ ले सरसफाइ र फोहोरमैला व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारका रूपमा तोकेको भए तापनि अन्तिम विसर्जनस्थल (बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट) नुवाकोट र धादिङको सीमानामा परी अन्तर-स्थानीय तह तथा

सङ्घीय क्षेत्राधिकारसँग जोडिएकाले मुआब्जा वितरण, सडक पूर्वाधार, लिच्चड व्यवस्थापन र स्थानीय शान्ति-सुरक्षा जस्ता जटिल प्रकृतिका समस्याहरूमा सङ्घीय सरकारबाट पाउनुपर्ने आवश्यक समन्वय, स्रोत-साधन र सहयोगको अभावका कारण तात्कालिक रूपमा फोहोर संकलन र स्थानान्तरणमा केही प्राविधिक एवं व्यावहारिक जटिलता उत्पन्न हुन पुगेको हो। सङ्घीय ढाँचामा तीनै तहका सरकारहरूबिच सहकारिता र सहजीकरणको संवैधानिक मर्म अनुरूप महानगरपालिका आफ्नो कानूनी दायित्वप्रति पूर्ण प्रतिबद्ध रहेको र अदालतको अन्तरिम आदेश पश्चात् सिंहदरबार, बालुवाटार लगायतका संवेदनशील सार्वजनिक परिसरहरूको फोहोर नियमित रूपमा संकलन गरी विसर्जन भइसकेको र हाल अवस्था पूर्ण रूपमा सामान्य भइसकेकाले, निष्प्रयोजन भइसकेको निवेदनमा परमादेशको आदेश जारी हुनुपर्ने नभई प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको वहस सुनियो।

८. विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उप न्यायाधिवक्ता श्री रमेश भट्टराईले नेपालको संविधानको धारा ३० द्वारा प्रत्याभूत नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको संरक्षण, संवर्द्धन र कानूनको कार्यान्वयनमा नेपाल सरकार सदैव प्रतिवद्ध रहेको छ। फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४, संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आफ्नो क्षेत्रभित्रको फोहरमैला संकलन, स्थानान्तरण र अन्तिम विसर्जन गर्ने कानूनी कर्तव्य एवं अधिकार पूर्ण रूपमा स्थानीय तह अर्थात् काठमाडौं महानगरपालिकाको हो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शहरी विकास मन्त्रालयबाट नीतिगत समन्वय तथा सहजीकरणको कार्य हुँदै आएको छ भने बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटको पूर्वाधार निर्माण, मुआब्जा, सडक स्तरोन्नति र शान्ति सुरक्षा सम्बन्धी समस्याहरूको दिगो समाधानका लागि प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बैठक बसी उच्चस्तरीय समिति र मन्त्रालयहरू मार्फत निरन्तर समन्वय भइरहेको छ। विपक्षी निवेदकको कुनै संवैधानिक वा कानूनी अधिकारको हनन नेपाल सरकारको कार्य वा निर्णयबाट नभएको र स्थानीय तहको क्षेत्राधिकारभित्रको स्वायत्त कार्यमा समन्वयकारी भूमिका निर्वाह गरिरहेको हुँदा औचित्यहीन रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको वहस सुनियो।

९. प्रस्तुत रिट निवेदनमा निवेदकले आफू २४ वर्षदेखि वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील वातावरण कानूनको अधिवक्ता रहेको र काठमाडौंको सिंहदरबार परिसर, राष्ट्रपतिको कार्यालय (शीतल निवास) एवं प्रधानमन्त्रीको सरकारी निवास (बालुवाटार) क्षेत्रको फोहोर संकलन नगर्ने भनी विपक्षी काठमाडौं महानगरपालिकाको वक्तव्य र सो अनुसार फोहोर नउठाउने कार्यबाट ती

संवेदनशील सार्वजनिक स्थलहरूमा दिनानुदिन फोहोर थुप्री वातावरण दुर्गन्धित एवं दूषित बन्दै गएको र यसबाट सर्वसाधारण एवं कर्मचारीहरूको जनस्वास्थ्यमा महामारी फैलन सक्ने गम्भीर जोखिम उत्पन्न भएको दाबी गर्नुभएको छ। नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूति गरेको र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ अनुसार फोहोर संकलन एवं व्यवस्थापन गर्ने पहिलो कानूनी दायित्व स्थानीय तहको हुने हुँदा राजनीतिक असमझदारी वा इगोका आधारमा कर्तव्यबाट पछाडि हट्न नमिल्ने जिकिर गरिएको छ। तसर्थ, फोहोर संकलन नगर्ने विपक्षी महानगरपालिकाको कुनै निर्णय भए सो उत्प्रेषणको आदेशले बदर गरी उक्त क्षेत्रको फोहोर तत्काल एवं नियमित रूपमा संकलन र विसर्जन गर्नु गराउनु भनी विपक्षी काठमाडौं महानगरपालिकाका नाममा र स्थानीय तहसँग आवश्यक समन्वय गरी समस्याको दिगो समाधान गर्नू गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाऊँ भन्ने रिट निवेदनको प्रमुख बेहोरा रहेको देखिन्छ।

१०. काठमाडौं महानगरपालिकाले तोकिएका तीन क्षेत्रको फोहोर नउठाउने सम्बन्धमा आफूबाट कुनै निर्णय नभएको, संविधानको धारा ३०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम नगर सभाबाट स्वीकृत नीति अनुसार वातावरण संरक्षण र फोहोर व्यवस्थापनमा आफू निरन्तर क्रियाशील रहेको र नागरिकको हकमा बाधा पुग्ने कुनै कार्य नगरेको दाबी गरेको छ भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आफ्नो कुनै काम वा निर्णयबाट निवेदकको संवैधानिक अधिकार हनन नभएको, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम फोहोर संकलन र विसर्जनको प्रत्यक्ष कानूनी दायित्व स्थानीय तहकै रहेको र नेपाल सरकारले बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट, बाटो, मुआब्जा तथा वातावरणीय समस्याको दिगो समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय समिति गठन गरी तीनै तहका सरकारबीच आवश्यक सहजीकरण र समन्वय गरिरहेकाले रिट निवेदन निरर्थक रहेको जिकिर लिई एकै बेहोराको लिखित जवाफ रहेको देखिन्छ।

११. उपरोक्त बहस जिकिर समेत सुनि निवेदकको रिट निवेदन, विपक्षी कार्यालयहरुको लिखित जवाफ एवं मिसिल सामेल कागजातको अध्ययन गरी हेर्दा, प्रस्तुत निवेदनमा निम्न प्रश्नहरुमा आधारित रही निर्णय दिनु पर्ने देखिन आयोः

क) फोहोरमैला व्यवस्थापनमा देखिएका असमझदारी र अन्यौलताले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक संरक्षणमा असर पारेको छ वा छैन?

ख) फोहोरमैला व्यवस्थापनमा स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकार बिचको कानूनी अधिकार क्षेत्र, दायित्व र समन्वयको सीमा के कस्तो रहेको छ?

ग) रिट निवेदकले माग गरे बमोजिम विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुनुपर्ने हो या होइन?

घ) फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि यस अदालतबाट कुनै आदेश जारी गर्नु उपयुक्त छ वा छैन?

१२. निर्णयतर्फ विचार गर्दा, **फोहोरमैला व्यवस्थापनमा देखिएका असमझदारी र अन्यौलताले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक संरक्षणमा असर पारेको छ वा छैन?** भन्ने सन्दर्भमा नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूति गरेको छ। संविधानको धारा १६ मा उल्लिखित सम्मानपुर्वक बाँच्न पाउने अधिकार र स्वच्छ वातावरणको हक एक-आपसमा अन्योन्याश्रित रूपमा जोडिएका हुन्छन भनी हेरिनुपर्दछ। स्वच्छ र स्वस्थ वातावरणको अभावमा नागरिकको सम्मानपुर्वक बाँच्न पाउने हक र समग्रमा जनस्वास्थ्यमा नै असर पर्ने भएकाले वातावरण संरक्षण र फोहोरमैलाको उचित व्यवस्थापन राज्यको प्राथमिक एवं अनिवार्य संवैधानिक दायित्व देखिन आउँछ। अन्तर्राष्ट्रिय कानूनी दायित्वको सन्दर्भमा नेपाल मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (UDHR) तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICESCR) को पक्ष राष्ट्र रहेको छ। यस्तै, जैविक विविधता सम्बन्धी अभिसन्धि, १९९२ (CBD), जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय ढाँचा अभिसन्धि, १९९२ (UNFCCC), महाविपत्तिजन्य फोहोरमैलाको सीमापार ओसारपसार नियन्त्रण सम्बन्धी बासेल अभिसन्धि, १९८९ (Basel Convention) तथा पप्स (POPs) सम्बन्धी स्टकहोम अभिसन्धि, २००१ जस्ता महत्त्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिहरूको नेपाल पक्ष राष्ट्र भइसकेको देखियो। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा अभिसन्धिका प्रावधानहरू नेपाल कानून सरह लागू हुने र प्रचलित नेपाल कानूनसँग बाझिएमा सन्धिका प्रावधानहरू नै मान्य हुने स्पष्ट कानूनी व्यवस्था रहेको छ। यसर्थ, अन्तर्राष्ट्रिय अभिसन्धिहरू मार्फत नेपालले जनस्वास्थ्य र वातावरण संरक्षणका क्षेत्रमा व्यक्त गरेका प्रतिबद्धताहरू केवल औपचारिक मात्र

नभई बाध्यकारी कानूनी दायित्वका रूपमा स्थापित भइसकेको देखिन्छ। यी सबै अन्तराष्ट्रिय दायित्वलाई नेपालको संविधानको धारा १६ र ३० मा अन्तरनिहित भएको मान्नुपर्ने देखिन्छ।

१३. महाविपत्तिजन्य फोहोरमैलाको सीमापार ओसारपसार नियन्त्रण तथा तिनको विसर्जन सम्बन्धी बासेल अभिसन्धि, १९८९ (Basel Convention)लाई हेर्दा, महाविपत्तिजन्य फोहोरमैला (hazardous wastes) को अन्तर्राष्ट्रिय ओसारपसारलाई नियमन र नियन्त्रण गर्ने एक बहुपक्षीय वातावरणीय सम्झौता भएको र यसको मूल सार विकसित राष्ट्रहरूबाट विकासोन्मुख एवं अल्पविकसित देशहरूमा खतरनाक फोहोर विसर्जन गरी ती देशहरूलाई 'डम्पिङ ग्राउन्ड' बनाउने प्रवृत्तिलाई रोक्नु हो भन्ने देखिन्छ। यस सन्धिले महाविपत्तिजन्य फोहोर (hazardous wastes) को परिमाण र विषाक्ततालाई स्रोतमै न्यूनीकरण गर्ने, फोहोरलाई उत्पादन भएकै देशको सीमाभित्र वातावरणमैत्री ढंगले विसर्जन गर्ने, र सीमापार ओसारपसार गर्दा अनिवार्य रूपमा **पूर्व सूचित सहमति (Prior Informed Consent - PIC)** लिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेको छ। विशेष गरी, यसको 'बान एमेन्डमेन्ट' (Ban Amendment) ले धनी राष्ट्रहरूबाट गरिब राष्ट्रहरूमा प्रशोधन वा विसर्जनका लागि खतरनाक फोहोर निर्यात गर्न पूर्ण प्रतिबन्ध लगाउँदै मानव स्वास्थ्य र पर्यावरणीय सुरक्षा सुनिश्चित गर्ने वैश्विक आधारशिला खडा गरेको देखिन्छ।

१४. नेपालमा यसको कार्यान्वयनका सन्दर्भमा, नेपाल सरकारले **४० माइक्रोनभन्दा पातला प्लास्टिक झोलाहरू** को उत्पादन, आयात र प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउने निर्देशिकाहरू जारी गरेको छ। यद्यपि, बजारमा यसको फितलो अनुगमन र कमजोर कार्यान्वयन मुख्य चुनौती बनेको छ। फोहोर मैला व्यवस्थापनमा स्रोतमै फोहोर वर्गीकरण (कुहिने र नकुहिने छुट्ट्याउने) तथा उत्पादक र स्थानीय तहको प्रत्यक्ष जवाफदेहिता सुनिश्चित गर्नुपर्ने देखिन्छ। बासेल सन्धिको *'प्लास्टिक वेष्ट पार्टनरसिप' (PWP)* अन्तर्गत नेपालमा **'Evidence for Action'** जस्ता परियोजनाहरू मार्फत प्लास्टिक फोहोरको वैज्ञानिक तथ्याङ्क संकलन र रोकथामका कामहरू भएका छन्। यस्तै, सन् २०२४ देखि २०२७ सम्म संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को अगुवाइमा विभिन्न स्थानीय तहमा **'Plastics Circularity Project'** मार्फत फोहोर संकलन केन्द्र (MRFs) स्थापना गर्ने कार्य अघि बढाइएको पाइयो। साथै हिमाली तथा पर्यटकीय क्षेत्रहरू (जस्तैः लाङटाङ र एभरेष्ट क्षेत्र) मा गैरसरकारी संस्थाहरू (जस्तैः PSD Nepal) र स्थानीय समुदायले '१ बोतल = १ रुपैयाँ' जस्ता प्रोत्साहन

कार्यक्रममार्फत PET बोतलहरू संकलन गरी चक्रिय अर्थतन्त्र (Circular Economy) प्रवर्द्धन गरिरहेको पाइयो।[१]

१५. फोहोरमैला व्यवस्थापनका सम्बन्धमा विकसित अन्तर्राष्ट्रिय असल अभ्यासहरूलाई हेर्दा, केवल फोहोरलाई एक ठाउँबाट उठाएर अर्को ठाउँमा डम्पिङ गर्ने परम्परागत शैली विस्थापित भइसकेको देखिन्छ। आधुनिक वातावरण कानूनले चक्रिय अर्थतन्त्र (circular economy), स्रोतमै वर्गीकरण (source segregation), पुनः प्रयोग (reuse), पुनः चक्रण (recycling) र फोहोरबाट ऊर्जा (waste-to-energy) जस्ता दिगो सिद्धान्तहरूलाई आत्मसात् गरेको पाइयो। यसैगरी, अन्तर्राष्ट्रिय कानूनी वातावरणमा 'उत्पादकको विस्तारित दायित्व' (extended producer responsibility - EPR) र 'प्रदूषकले तिर्नुपर्ने सिद्धान्त' (polluter pays principle) लाई फोहोर व्यवस्थापनको मूल आधार मानिन्छ।[२] यस सिद्धान्त अनुसार औद्योगिक उत्पादनका सह-उत्पादनहरू जस्तै प्लास्टिक, सिसा, पेट बोतल तथा नकुहिने प्याकेजिङ फोहोर सिर्जना गर्ने उत्पादक वा वितरक कम्पनीहरुलाई नै ती फोहोरहरूको पुनः संकलन र अन्तिम विसर्जनका लागि वित्तीय एवं भौतिक रूपमा जिम्मेवार बनाउनुपर्ने देखिन्छ। नेपालमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८[३], वातावरण संरक्षण ऐन, २०७६[४] तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४[५] जारी भई लागू भएका छन्। यी कानूनहरूले फोहोरमैला संकलन, स्थानान्तरण र विसर्जन गर्ने प्राथमिक दायित्व स्थानीय तहलाई सुम्पेको पाइन्छ। तर, यी राष्ट्रिय कानूनहरू र अन्तर्राष्ट्रिय अभिसन्धिहरूका मापदण्ड अनुरूप व्यवहारमा फोहोर व्यवस्थापनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा कानूनी वातावरण र व्यावहारिक यथार्थबिच ठुलो खाडल सिर्जना भएको देखिन्छ जुन प्रस्तुत रिट निवेदनमा विवादको प्रमुख विषयको रुपमा रहेको पाइयो।

१६. काठमाडौं उपत्यकाको सिंहदरबार परिसर, शीतल निवास तथा बालुवाटार जस्ता देशका अति संवेदनशील सार्वजनिक एवं प्रशासनिक केन्द्रहरूमा फोहोर संकलन

---

[१] **(Basel Convention, 2022; Ministry of Forests and Environment, 2021; Parliament Secretariat, 2026; UNDP, 2024)।"**

[२] OECD. (2016). *Extended Producer Responsibility: Updated Guidance for Efficient Waste Management*. OECD Publishing. OECD Environment.

[३] दफा ३ मा फोहोरमैला संकलन, स्थानान्तरण, प्रशोधन र अन्तिम विसर्जन गर्ने सम्पूर्ण कानूनी र व्यावहारिक दायित्व सम्बन्धित स्थानीय निकाय/तहलाई तोकिएको। साथै दफा ६ मा फोहोर उत्पादनकर्ता (नागरिक, उद्योग, अस्पताल, संस्था) ले फ़ोहोरलाई कम्तीमा कुहिने र नकुहिने गरी स्रोतमै वर्गीकरण गरेर मात्र संकलनकर्तालाई बुझाउनुपर्ने।

[४] दफा ३१ मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै फोहोर वा प्रदूषणका कारण वातावरणमा क्षति पुगेमा पीडितले प्रदूषकबाट क्षतिपूर्ति पाउने स्पष्ट व्यवस्था गरिएको।

[५] दफा ११ मा संविधानको अनुसूची-८ बमोजिम गाउँपालिका तथा नगरपालिकाको कार्यक्षेत्रभित्र 'सरसफाइ' र 'फोहोरमैला व्यवस्थापन' लाई स्थानीय तहको एकल अधिकार (**Exclusive Power**) को रूपमा तोकिएको।

रोकिनु र दिनानुदिन फोहोर थुप्रिएर वातावरण दुर्गन्धित हुनुले संविधानको धारा १६ र ३० तथा अन्तर्राष्ट्रिय महासन्धिहरू मार्फत नेपालले जनाएका प्रतिबद्धताहरू र संवैधानिक मौलिक हकको उल्लङ्घन भएको देखिन्छ। फोहोर नउठाउने वा संकलनमा कुनै प्रकारको अवरोध सिर्जना गर्ने कार्यले स्वच्छ वातावरणमा सम्मानपुर्वक बाँच्न पाउने नागरिकको हकमा प्रत्यक्ष एवं अपूरणीय क्षति पुर्याउँने देखिन्छ। स्थानीय निकायहरूले कानूनी निकाय (statutory authority) का रूपमा आफूलाई प्रास अधिकारको प्रयोग गर्दा नागरिकको मौलिक हकको संरक्षण गर्नु पहिलो कर्तव्य हुन्छ। राजनीतिक मतभेद, अधिकार क्षेत्रको असमझदारी वा अन्य कुनै पनि कारणबाट अत्यावश्यक सरसफाइ सेवा ठप्प पार्नु संविधानको धारा १६ र ३० तथा अन्तर्राष्ट्रिय वातावरण कानूनको व्यवस्था विपरीतको कार्य सम्झनुपर्छ। फोहोर संकलनमा ढिलाइ वा रोकावट हुँदा वायु प्रदूषण बढ्ने, कीटजन्य महामारी फैलिने र जनस्वास्थ्यमा गम्भीर असर पर्ने भएकाले यसलाई कानूनले शासित मुलुकमा स्वीकार्य नहुने अवस्था सृजना हुने देखिन्छ। सङ्घीय ढाँचामा तीनै तहका सरकारहरूबिच समन्वयको अभाव हुनु, ल्याण्डफिल्ड साइटको दीर्घकालीन प्रबन्ध नहुनु र उत्पादकहरूलाई उत्पादकको विस्तारित दायित्व (Extended Producer Responsibility-EPR) को सिद्धान्त अनुसार जवाफदेही बनाउने स्पष्ट नीतिगत र बाध्यकारी कानूनी संरचना नहुनुले नेपालको कानूनी वातावरणलाई व्यावहारिक रूपमा कमजोर बनाएको देखिन्छ। यसले गर्दा संविधानको धारा १६ तथा ३० र अन्तर्राष्ट्रिय सन्धिहरूमा नेपालको प्रतिबद्धता अनुकूलको राज्यको दायित्व पुरा भएको देखिदैन। यसरी राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनमा देखिएको कमजोरी, शिथिलता र गैरजवाफदेहिताले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकको संरक्षणमा गम्भीर र नकारात्मक असर पारेको देखिन्छ। संविधान र कानूनका कागजमा मात्र हक अधिकारको घोषणा हुनु पर्याप्त हुँदैन, यसप्रकार निर्धारित कानूनको व्यवहारिक कार्यान्वयन र नागरिकले महसुस गर्ने गरी सेवा प्रवाह हुनु नै कानूनको शासनको मुख्य कसी मान्न सकिन्छ।

१७. छिमेकी मुलुक भारतमा फोहोरमैला व्यवस्थापनलाई वातावरण संरक्षण ऐन, १९८६ (Environment Protection Act, 1986) अन्तर्गत ठोस फोहोरमैला व्यवस्थापन नियम (Solid Waste Management Rules- SWM Rules) लागु गरी गरी परम्परागत 'डम्पिङ' प्रणालीलाई विस्थापित गरी चक्रिय अर्थतन्त्र (Circular Economy) र प्रदूषकले तिर्नुपर्ने सिद्धान्त (Polluter Pays Principle) लाई कानूनी मान्यता दिएको पाइयो। साथै फोहोर उत्पादनकर्ता (नागरिक, संस्था, उद्योग) ले स्रोतमै फोहोरलाई ४ भागमा निम्नानुसार अनिवार्य वर्गीकरण (4-Stream Segregation) गर्नुपर्ने कानूनी बाध्यता रहेको पाइयो।

क) *जैविक/कुहिने फोहोर (Wet Waste)*
ख) *अजैविक/नकुहिने फोहोर (Dry Waste)*
ग) *स्वास्थ्य/स्यानिटरी फोहोर (Sanitary Waste)*
घ) *विशेष जोखिमयुक्त फोहोर (Special Care Waste)*

त्यसैगरी ठुला फोहोर उत्पादकको दायित्व (Bulk Waste Generators - BWG): दैनिक १०० किलोभन्दा बढी फोहोर उत्पादन गर्ने वा २०,००० वर्गमिटरभन्दा बढी क्षेत्रफल भएका व्यावसायिक भवन, अपार्टमेन्ट, सरकारी निकाय र अस्पतालहरूले आफ्नो जैविक फोहोर आफ्नै परिसरभित्र कम्पोस्ट वा बायोग्यास मार्फत अनिवार्य प्रशोधन गर्नुपर्ने व्यवस्था साथै उत्पादकको विस्तारित दायित्व (EPR) र डिजिटल ट्र्याकिङ समेत गरेको देखिन्छ। सो का लागि प्लास्टिक, प्याकेजिङ, र ई-फोहोर (E-waste) उत्पादन गर्ने कम्पनीहरूका लागि अनिवार्य EPR नियम लागू गरिएको छ। फोहोर संकलनदेखि अन्तिम विसर्जनसम्मको अनुगमनका लागि केन्द्रीय प्रदूषण नियन्त्रण बोर्ड (CPCB) मार्फत एकीकृत अनलाइन पोर्टल (Centralized Online Portal) सञ्चालनमा छ। सिमेन्ट उद्योग तथा ताप विद्युत गृहहरूले अनिवार्य रूपमा फोहोरबाट बनेको इन्धन (Refuse Derived Fuel - RDF) प्रयोग गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ।

१८. राजधानी नयाँ दिल्लीमा मा दैनिक करिब ११,००० देखि १२,००० मेट्रिक टन ठोस फोहोर उत्पादन हुन्छ। दिल्ली नगरनिगम (MCD) र दिल्ली सरकारले यसलाई व्यवस्थापन गर्न आधुनिक प्रविधि र विकेन्द्रीकृत प्रणाली अपनाएको पाइयो जसअनुसार फोहोरबाट ऊर्जा (Waste-to-Energy - WTE प्लाष्टिक/स्यानिटरी प्लान्ट) कार्यक्रम अन्तर्गत दिल्लीमा स्यानिटरी डम्पिङको साटो नकुहिने तर उच्च प्रज्वलनशील फोहोरलाई इन्सिनरेसन प्रविधि मार्फत बिजुली उत्पादन गर्न प्रयोग गरिन्छ। *ओखला (Okhla), बवाना (Bawana), गाजीपुर (Ghazipur),* र *तुगलकाबाद (Te Khand)* गरी प्रमुख ४ वटा WTE प्लान्टहरू सञ्चालनमा छन्, जसले दैनिक हजारौं टन फोहोर खपत गरी सयौं मेगावाट विद्युत राष्ट्रिय ग्रिडमा पठाउने गरेको देखिन्छ।[६] पुराना ल्याण्डफिल्डको बायो-माइनिङ (Biomining of Legacy Waste) का लागि दिल्लीका पुराना र अग्ला फोहोरका पहाडहरू (गाजीपुर, भलेस्वा र ओखला डम्पसाइट) लाई घटाउन र हटाउन आधुनिक बायो-माइनिङ (Biomining) र बायो-रेमेडिएसन प्रविधि प्रयोग गरी पुराना फोहोरलाई माटो, प्लास्टिक र ढुङ्गामा छुट्याएर सडक निर्माण र अन्य काममा पुनः प्रयोग गरिएको पाइन्छ। साथै स्रोतमै

[६] **NITI Aayog, Government of India:** *Circular Economy in Municipal Solid Waste Management*, Alternative Approaches for Biomining and Energy Recovery, New Delhi (2021).

कम्पोस्टिङ र सामग्री पुनःप्राप्ति केन्द्र (MRF) का लागि दिल्लीका विभिन्न पार्क, तरकारी बजार र आवासीय क्षेत्रहरूमा विकेन्द्रीकृत बायो-मेथेनेसन (Bio-methanation) र अर्गानिक वेस्ट कन्भर्टर (OWC) राखिएका छन्। सुख्खा फोहोरलाई Material Recovery Facilities (MRF) मा लगेर कबाडी र पुनःचक्रण (Recycling) प्रणालीमा पठाउने गरेको देखियो। त्यसैगरी अनिवार्य प्रयोगकर्ता शुल्क र डोर-टु-डोर संकलनका लागि निजी-सार्वजनिक साझेदारी (PPP Model) अन्तर्गत नगरनिगमले घर-घरबाट छुट्ट्याइएको फोहोर संकलन गर्छ र नागरिकहरूबाट न्यूनतम सेवा शुल्क लिएको पाइन्छ। यसका बाबजुद पनि दिल्लीमा फोहोरको अत्यधिक परिमाण, नागरिक स्तरमा शतप्रतिशत स्रोतमै वर्गीकरण नहुनु, र गर्मीयाममा डम्पिङ साइटहरूमा लाग्ने आगलागी जस्ता वातावरणीय चुनौतीहरू अझै पनि पूर्ण रूपमा समाधान भइसकेको पाइदैन।[७]

१९. यस अदालतबाट मिति २०८०।०१।०८ मा जारी अन्तरिम आदेश पश्चात् काठमाडौं महानगरपालिकाबाट उल्लिखित संवेदनशील क्षेत्रहरूको फोहोर संकलन गरी विसर्जन गर्ने कार्य पुनः प्रारम्भ भइसकेको र हाल अवस्था सामान्य भइसकेको तथ्य विपक्षीहरुको लिखित जवाफबाट पुष्टि भएको देखियो। फोहोरमैलाको समस्या क्षणिक समाधानमा मात्र सीमित रहन नसक्ने भएकाले अन्तर्राष्ट्रिय सन्धिहरू र तुलनात्मक असल अभ्यासहरू अनुकूल नेपालको कानूनी वातावरणलाई सुदृढ बनाउनु आवश्यक देखिन्छ। फोहोरको स्रोतमै वर्गीकरण गर्ने, पुनःचक्रण बढाउने र उत्पादकको विस्तारित दायित्व (Extended Producer Responsibility-EPR) को सिद्धान्त अनुरूप औद्योगिक उत्पादकहरूलाई जवाफदेही बनाउने कानूनी प्रबन्ध मिलाउनु राज्यको दायित्व हुने देखिन्छ।

२०. यसका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शहरी विकास मन्त्रालयले तुलनात्मक अभ्यासहरूलाई मध्येनजर गरी देशभरका स्थानीय निकायहरूमा प्रेषित हुने गरी एक 'एकीकृत फोहोरमैला व्यवस्थापन निर्देशिका' तर्जुमा गरी लागू गर्नु उपयुक्त देखिन्छ। साथै तीनै तहका सरकारबिच निरन्तर समन्वय कायम गर्न शहरी विकास मन्त्रालयको नेतृत्वमा एक स्थायी 'केन्द्रीय फोहोरमैला व्यवस्थापन समन्वय निकाय' गठन गर्नु अनिवार्य देखिन्छ। संविधानको धारा १६ र ३० को दायित्व तथा अन्तर्राष्ट्रिय सन्धिहरूमा नेपालको आवद्धता र संविधानप्रदत्त मौलिक हक अनुसार नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको संरक्षण गर्न फोहोरमैला व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकताको विषय बनाइनु उपयुक्त हुने

---

[७] **Centre for Science and Environment (CSE):** *Waste-to-Energy or Waste-to-Pollution? An Assessment of Delhi's Waste-to-Energy Plants*, CSE Policy Report, New Delhi.

देखिन्छ। यस प्रयोजनको लागि कानूनी संयन्त्र, कार्यान्वयन गर्ने निकाय, त्यसमा काम गर्ने मानविय श्रोत, बजेट र अनुगमन गर्ने प्रकृया निर्धारण गरी फोहोरमैला संकलन र व्यवस्थापनमा राज्य जिम्मेवार छ भन्ने विश्वान (trust) सृजना गर्न तीनै तहका निकायबीच समन्वय गरी फोहोरको दिगो व्यवस्थापन सम्भव हुने देखिन्छ।

२१. यसप्रकार, सङ्घीय सरकारसँगको कुनै कार्यगत मतभेदलाई कारण देखाई फोहोर संकलन नगर्ने काठमाडौं महानगरपालिकाको कार्य कानूनी र संवैधानिक दृष्टिले परिपक्व र व्यवहारीक देखिएन। संवैधानिक दायित्व बोकेको स्थानीय निकायले आफ्नो कानूनी कर्तव्य पालना नगर्दा त्यसको प्रत्यक्ष असर सर्वसाधारण नागरिकको स्वास्थ्य र जीवनमा पर्न सक्दछ। काठमाडौं उपत्यकाको फोहोर विसर्जन गरिने स्यानिटरी ल्याण्डफिल्ड साइट (बञ्चरेडाँडा) अन्य स्थानीय तहको भूगोलमा पर्ने भए तापनि स्थानीय तहको हैसियतमा आफ्नो क्षेत्रभित्रको फोहोर संकलन गरी विसर्जन गर्ने प्राथमिक कानूनी दायित्व काठमाडौं महानगरपालिकाको हो। सङ्घीय सरकारसँग नीतिगत वा व्यावहारिक समन्वयको माग गर्ने अधिकार स्थानिय तहको हुन्छ। संघिय सरकारबाट पनि फोहोरमैलाको संकलन र व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष अवरोध सृजना गर्ने, सरोकारवालाहरुलाई सम्बोधन नगरिदिने, केन्द्रिय राज्यको अभिभावकीय दायित्व पुरा नगरीदिने जस्ता कार्य निन्दनिय मान्नुपर्दछ। साथै ल्याण्डफिल्ड साइट क्षेत्रका बासिन्दाहरूको विरोध, जग्गा अधिग्रहण, मुआब्जा वितरण, लिच्चड व्यवस्थापन र पहुँचमार्ग निर्माण जस्ता जटिल प्रकृतिका समस्याहरू समाधान गर्न सङ्घीय सरकारको प्रत्यक्ष सहयोग र समन्वय अनिवार्य हुन्छ। यद्यपि संघिय सरकारबाट भएको कार्यहरुको प्रतिकृया स्थानीय तहले सिंहदरबार, शीतल निवास तथा बालुवाटार जस्ता संवेदनशील क्षेत्रहरूको फोहोर संकलन नगरी रोक्ने कार्य कानूनी र व्यावहारिक देखिंदैन। यस्तो कार्य नागरिकलाई संविधानको धारा १६ र ३० द्वारा प्रदत्त सम्मानपुर्वक स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकबाट प्रत्यक्ष रूपमा वञ्चित गराउने र जनस्वास्थ्यमा अपूरणीय क्षति पुऱ्याउने प्रकृतिको देखिन्छ।

२२. अब, दोश्रो प्रश्न अर्थात **फोहोरमैला व्यवस्थापनमा स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकार बिचको कानूनी अधिकार क्षेत्र, दायित्व र समन्वयको सीमा के कस्तो रहेको छ?** भन्ने सम्बन्धमा, नेपालको संविधानले नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहबाट हुने व्यवस्था गर्दै धारा २३२ (१) मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वय (cooperation, co-existence and coordination) को सिद्धान्तमा आधारित हुने संवैधानिक मर्म अङ्गीकार गरेको छ। फोहोरमैला व्यवस्थापनको विषय केवल एउटा निकाय वा तहको एकांकी दायित्व मात्र नभई सङ्घीय ढाँचाका तीनै तहका

सरकारहरूको अधिकार क्षेत्र, भूमिका र समन्वयसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। संवैधानिक अधिकार क्षेत्रको दृष्टिले नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १८ मा 'सरसफाइ' लाई स्थानीय तहको एकल अधिकारको सूचीभित्र स्पष्ट रूपमा समावेश गरिएको छ। यसै संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्ने बनेको फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो भौगोलिक क्षेत्रभित्रको फोहोरमैलाको संकलन, स्थानान्तरण, प्रशोधन तथा अन्तिम विसर्जन गर्ने पहिलो र प्राथमिक कानूनी एवं वस्तुगत दायित्व स्थानीय तह (काठमाडौं महानगरपालिका) लाई सुम्पेको देखिछ। यसरी संविधान ऐन र कानूनबमोजिम स्थानीय तह आफ्नो क्षेत्रभित्रको सरसफाइ र फोहोर व्यवस्थापनका लागि साधिकार र स्वायत्त निकाय भए तापनि उपत्यकाको फोहोर विसर्जन गरिने स्यानिटरी ल्याण्डफिल्ड साइट (बञ्चरेडाँडा/नुवाकोट) अन्य स्थानीय तहको भूगोलभित्र पर्ने हुनाले काठमाडौं महानगरपालिकाले एकाकी रूपमा मात्र फोहोरको अन्तिम विसर्जन सम्बन्धी बहु-आयामिक समस्याहरू पूर्ण रूपमा समाधान गर्न सक्ने देखिदैन। ल्याण्डफिल्ड साइट क्षेत्रका बासिन्दाहरूको विरोध, जग्गा अधिग्रहण, मुआब्जा वितरण, लिच्चड व्यवस्थापन र पहुँचमार्ग निर्माण जस्ता जटिल प्रकृतिका समस्याहरू समाधान गर्न सङ्घीय सरकारको प्रत्यक्ष सहयोग र समन्वय अनिवार्य हुन्छ।

२३. सङ्घीय सरकारको भूमिकालाई हेर्दा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड र सहजीकरणको जिम्मेवारी दिइएको छ भने शहरी विकास मन्त्रालयलाई शहरी विकास, स्यानिटरी ल्याण्डफिल्ड साइट निर्माण एवं नियमनको कार्यक्षेत्र तोकिएको छ। प्रस्तुत रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पेस भएको लिखित जवाफबाट पनि शहरी विकास मन्त्रीको संयोजकत्वमा गठित उच्चस्तरीय समिति र Rapid Action Task Force मार्फत सङ्घीय सरकारले बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटको पूर्वाधार, सडक स्तरोन्नति, मुआब्जा र स्थानीय शान्ति सुरक्षाका विषयमा निरन्तर समन्वय र सहजीकरण गरिरहेको तथ्य स्थापित हुने देखिन्छ। प्रदेश सरकारको सन्दर्भमा संविधानको अनुसूची-६ र ७ बमोजिम प्रादेशिक वातावरण संरक्षण, स्वास्थ्य सेवा र अन्तर-स्थानीय तह समन्वयमा प्रदेश सरकारको सहजीकरण र प्राविधिक सहयोगको दायित्व रहन्छ। यसरी तीनै तहको दायित्व विश्लेषण गर्दा फोहोरमैला संकलन र व्यवस्थापन गर्ने कार्यपालकीय दायित्व स्थानीय तहको, प्रादेशिक सन्तुलन र सहयोग प्रदेशको, तथा नीतिगत मापदण्ड, ठुला पूर्वाधार निर्माण, सुरक्षा र केन्द्रीय समन्वयको दायित्व सङ्घीय सरकारको हुने गरी अधिकार र जिम्मेवारी तोकिएको देखिन्छ।

सङ्घीय ढाँचामा शक्ति र अधिकारको बाँडफाँड कार्यसम्पादनलाई सहज र जनमुखी बनाउनका लागि हो, जिम्मेवारीबाट उम्किन वा पन्छिनका लागि होइन। स्थानीय तहले सङ्घीय सरकारसँग नीतिगत वा व्यावहारिक सहयोग मागेको अवस्थामा सङ्घीय सरकारले पूर्ण सहयोग र सहजीकरण गर्नुपर्ने दायित्व रहन्छ भने अर्कोतर्फ स्थानीय तहले पनि आफ्नो स्वायत्तताको नाममा सङ्घीय समन्वयलाई अस्वीकार गर्ने वा अन्य प्रकारका विमत्तिका आधारमा नागरिकलाई दिइने अत्यावश्यक सेवा नै प्रभावित पार्ने कार्य गर्नु मिल्ने देखिँदैन।

२४. अब, तेश्रो प्रश्न अर्थात **रिट निवेदकले माग गरे बमोजिम विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुनुपर्ने हो या होइन?** भन्ने सन्दर्भमा, रिट निवेदकले काठमाडौं महानगरपालिकाले सिंहदरबार, शीतल निवास र बालुवाटार क्षेत्रको फोहोर नउठाएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय नगरेको भन्दै फोहोर तत्काल संकलन र विसर्जन गर्न काठमाडौं महानगरपालिकाका नाममा र समन्वय गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा परमादेश जारी गर्न माग गरेको देखिन्छ। निवेदन दर्ता भएपश्चात् यस अदालतबाट मिति २०८०।०१।०८ मा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम ३ दिनभित्र उल्लिखित क्षेत्रको फोहोर उठाई अविलम्ब विसर्जन गर्नू गराउनू भनी काठमाडौं महानगरपालिकाका नाममा अन्तरिम आदेश जारी भएको देखिन्छ। उक्त अन्तरिम आदेश पश्चात् काठमाडौं महानगरपालिकाले उल्लिखित सिंहदरबार, शीतल निवास र बालुवाटार परिसर लगायतका क्षेत्रहरूमा संकलित भएको फोहोर संकलन गरी नियमित रूपमा विसर्जन गर्ने कार्य प्रारम्भ गरिसकेको र हाल सो क्षेत्रको फोहोर संकलन र विसर्जनको अवस्था सामान्य भइसकेको तथ्य दुवै पक्षको भनाइ र मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको पाइयो। यसप्रकार जुन कार्य गराउनका लागि निवेदकले परमादेशको माग गर्नुभएको हो, सो कार्य अदालतको अन्तरिम आदेश पश्चात् सम्पादन भई सोको नतिजा प्राप्त भइसकेको र अवस्था सामान्य भइसकेको स्थितिमा पुनः सोही विषयमा विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिरहनुको औचित्य र सान्दर्भिकता देखिँदैन। निष्प्रयोजन भइसकेको विषयमा परमादेश जारी गर्नु न्यायिक सिद्धान्त अनुकूल नदेखिदा काठमाडौं उपत्यकाका संवेदनशील सार्वजनिक स्थलहरूको फोहोर संकलन भई नियमित विसर्जन भइरहेको र स्थिति सामान्य भइसकेकाले रिट निवेदकको मागबमोजिम विपक्षीहरूको नाममा हाल परमादेशको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन। तसर्थ माथि विवेचित तथ्य, कानुनी आधार र संवैधानिक व्यवस्थाहरू समेतको आधारमा, निवेदकहरूले माग गरेबमोजिमको फोहोर उठ्ने

कार्य प्रारम्भ भइसकेकाले हाल उत्प्रेषण वा परमादेशको आदेश जारी गरिरहनुको औचित्य समाप्त भईसकेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

२५. **अब चौथो तथा अन्तिम प्रश्न अर्थात फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि यस अदालतबाट कुनै आदेश जारी गर्नु उपयुक्त छ वा छैन?** भन्ने सम्बन्धमा, प्रस्तुत रिट खारेज हुने ठहरे तापनि फोहोरमैला व्यवस्थापनको समस्या क्षणिक वा अल्पकालीन उपायबाट मात्र समाधान हुन सक्ने देखिदैन। काठमाडौं उपत्यका लगायत देशका विभिन्न नगरपालिकाहरूमा फोहोर संकलन, स्थानान्तरण र विसर्जनका क्रममा बारम्बार गतिरोध उत्पन्न हुने, संघ र स्थानीय तहबिच समन्वयको अभाव देखिने तथा ल्याण्डफिल्ड साइटका स्थानीय बासिन्दासँग विवाद भइरहने जस्ता व्यावहारिक समस्या विद्यमानता देखिएको अवस्थामा फोहोरमैला व्यवस्थापनलाई अल्पकालीन समाधानमा मात्र सीमित नराखी सङ्घीय ढाँचा अनुकूल तीनै तहका सरकारको सहकार्यमा दिगो, वैज्ञानिक र स्थायी समाधान खोज्नु अनिवार्य देखिन्छ। नेपालको संविधानको धारा १३३ को उपधारा (३) ले यस अदालतलाई न्याय सम्पादनका क्रममा सर्वसाधारणको हक अधिकारको संरक्षण र पूर्ण न्यायका लागि अन्य उपयुक्त आदेश अन्तर्गत निर्देशनात्मक आदेश (directive order) जारी गर्ने असाधारण क्षेत्राधिकार प्रदान गरेको हुँदा फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि यस अदालतबाट निर्देशनात्मक आदेश जारी गर्नु कानूनी, तथ्यगत र व्यावहारिक दृष्टिले उपयुक्त, सान्दर्भिक र आवश्यक देखिन आयो। सोही आधारमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शहरी विकास मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय र काठमाडौं महानगरपालिका समेतका विपक्षीहरूका नाममा विपक्षी निकायहरूका नाममा देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरिदिएको छः

क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शहरी विकास मन्त्रालयले देशभरका स्थानीय तहहरूलाई फोहोरको स्रोतमै जैविक र अजैविक वर्गीकरण (segregation at source), पुनः प्रयोग (reuse) र पुनः चक्रण (recycling) जस्ता आधुनिक एवं वैज्ञानिक अभ्यासहरू अवलम्बन गर्न बाध्यकारी हुने गरी एक विस्तृत ***'एकीकृत फोहोरमैला व्यवस्थापन निर्देशिका'*** तर्जुमा गरी अविलम्ब सबै स्थानीय तहहरूमा सम्प्रेषण गर्नू।

ख) सङ्घ, प्रदेश र स्थानीय तहबिच फोहोरमैला व्यवस्थापनमा देखिने क्षेत्राधिकारगत, प्राविधिक र व्यावहारिक गतिरोध अन्त्य गर्न, अन्तर-स्थानीय तह समन्वय कायम गर्न तथा ल्याण्डफिल्ड साइट सम्बन्धी विवाद समाधानका लागि सम्बन्धित मन्त्रालयको नेतृत्वमा सरोकारवाला निकाय, प्राविधिक विज्ञ र स्थानीय तहका

प्रतिनिधिहरू समेत रहने गरी एक स्थायी *'केन्द्रीय फोहोरमैला व्यवस्थापन समन्वय समिति'* गठन गर्नू।

ग) प्रत्येक नगरपालिका क्षेत्रमा औद्योगिक उत्पादनका सह-उत्पादनका रूपमा रहेका नकुहिने फोहोर-जस्तै कोकाकोला, पेप्सी, बियरका क्यान, पेट बोतल (PET bottles) तथा प्लास्टिकका झोला र प्याकेजिङ फोहोर संकलन र प्रशोधनका लागि Extended Producer Responsibility (EPR) को मान्यता अनुरूप सम्बन्धित उत्पादक वा वितरक कम्पनीहरूलाई नै निश्चित प्रतिशत फोहोर फिर्ता संकलन (buy-back mechanism) गर्ने बाध्यकारी कानूनी प्रबन्ध मिलाउनू।

घ) सङ्घीय सरकारको शहरी विकास, उर्जा सिंचाई तथा खानेपानी मन्त्रालयले बञ्चरेडाँडा स्यानिटरी ल्याण्डफिल्ड साइटसम्म पुग्ने मुख्य सडक स्तरोन्नति, लिच्चड प्रशोधन, वातावरणीय प्रभाव न्यूनीकरण तथा ल्याण्डफिल्ड साइटको भौतिक निर्माण कार्य तोकिएको समयभित्रै सम्पन्न गर्नू।

ङ) बञ्चरेडाँडा तथा प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूसँग विगतमा भएका फोहोरमैलाको वातावरणिय एवं वैज्ञानिक व्यवस्थापन गर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, जग्गा अधिग्रहण र मुआब्जा सम्बन्धी सम्झौताहरू एवं प्रतिवद्धताहरूलाई सम्बद्ध सङ्घीय मन्त्रालयहरू र स्थानीय तहहरूले प्राथमिकताका साथ शीघ्र कार्यान्वयनमा लैजानू।

च) फोहोर विसर्जन र स्थानान्तरणका क्रममा आइपर्ने स्थानीय अवरोध, सुरक्षा चुनौती र अन्य कानूनी जटिलताहरू समाधानका लागि गृह मन्त्रालयले आवश्यक सुरक्षा सहजीकरण र प्रशासनिक सहयोग निरन्तर उपलब्ध गराउनू।

छ) सङ्घीय र प्रादेशिक सरकारहरूले स्थानीय तहहरूलाई वैज्ञानिक फोहोर व्यवस्थापन, प्रशोधन प्लाण्ट (processing plants), कम्पोष्ट प्लाण्ट तथा ट्रान्सफर स्टेशन निर्माणका लागि आवश्यक पर्ने प्राविधिक सहयोग र पर्याप्त बजेटको प्रबन्ध मिलाउनू।

ज) स्थानीय तहहरूले फोहोरलाई केवल फाल्ने वस्तुका रूपमा नलगी चक्रिय अर्थतन्त्रको अवधारणा अनुसार कम्पोष्ट मल, जैविक ग्यास तथा ऊर्जा उत्पादनमा परिणत गर्ने प्रविधि विस्तारका लागि फोहोरबाट ऊर्जा र चक्रिय अर्थतन्त्र (Waste-to-Energy & Circular Economy) का लागि निजी क्षेत्रको लगानी (PPP Model) लाई प्रवर्द्धन गर्नू।

झ) फोहोरमैला व्यवस्थापन केवल सरकारको मात्र दायित्व नभई नागरिकको पनि कर्तव्य भएकाले घर, कार्यालय र व्यावसायिक प्रतिष्ठानहरूबाटै फोहोर कम गर्ने

र वर्गीकरण गर्ने सम्बन्धमा स्थानीय तहहरूले व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नू।

ञ) नेपालको संविधानको धारा २३२ बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गर्दै सङ्घ, प्रदेश र स्थानीय तहले फोहोरमैला व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकताको विषय बनाई निरन्तर संवाद र सहकार्यको वातावरण कायम गर्नू।

ट) फोहोर संकलन, भण्डारण तथा अन्तिम विसर्जन समेतका लागि कानूनी संरचनाको प्रयासता, कार्यान्वयन इकाई, त्यसमा प्रत्यक्ष र परोक्ष रुपमा संलग्न हुने मानविय श्रोत, आवश्यक बजेट ब्यवस्था तथा फोहोरमैला व्यवस्थापन सम्बन्धमा निरन्तर अनुगमन गर्ने कार्यविधि समेत तर्जुमा गरी कार्यान्वयनको उचित प्रवन्ध मिलाउनू।

२६. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७ बमोजिम फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू। सरोकारवालाले प्रस्तुत आदेशको नक्कल माग गरे सर्वोच्च अदालत नियमावली, २०७४ को परिच्छेद ११ बमोजिम नियमानुसार प्रमाणित प्रतिलिपि दिनू। प्रस्तुत आदेशको विद्युतीय प्रति अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी आदेशको पिठमा जनाउनू। प्रस्तुत रिटको दायरीको लगत कट्टा गरी निवेदनपत्रसहितको मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

हरिप्रसाद फुयाल
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

बालकृष्ण ढकाल
न्यायाधीश

इजलास अधिकृत (उपसचिव): हरिप्रसाद आचार्य
कम्प्युटर अपरेटरः रामशरण तिमिल्सीना
ईति सम्बत् २०८२ साल पुष २१ गते रोज २ शुभम्.........................................।